# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण ६ गते २०१८ साल

### श्री ५ को सरकार

### अर्थ, आर्थिक कार्य विषय मन्त्रालयको सूचना

"२०१७।७।२६ को नेपाल गजेटमा प्रकाशित शाही सेनाका जवानको तलबको नयाँ दरवन्दीमा भएको छ ।" निम्न लेखिए बमोजिम संशोधन गर्ने श्री ५ को सरकारबाट २०१८।२।१५ मा निर्णय

१. उक्त सूचनाको अनुसूची १ को अन्तमा निम्न लेखिएको प्रकरण थपिएको छ ।

नोटः– ले. क. को सब्स्टयान्टीभ दर्जा पाएको ४ वर्ष बढी भएको भए ले. क. को पूरा ग्रेड पाउने । मेजर, कप्तान र लेफटेनले सब्स्टयान्टीभ दर्जा भएको ८ वर्ष बढी भएको भए मेजर, कप्तान र लेफटेनले दर्जाअनुसार पूरा ग्रेड पाउने ।

प्रधान सेनापतिको पेन्सन ने. रू. ४५०। मासिक गर्ने ।

शाही रिसल्ला, हेडमोची र हेड नालबन्दीलाई जनही मासिक रू. ५। र दरवारमा रहेका फष्ट मोचीलाई मासिक रू. १०। बढ तलब यिनीहरूले खाएसम्म दी व्यारेकमा राख्ने ।

२. उक्त सूचनाको अनुसूची २ मा नोट पछि निम्नलिखित प्रकरण थपिएको छ ।

आइ. एस्सी. पास गरी कम्तिमा ३ वर्षको कोर्श गरी, डिप्लोमा प्राप्त गरी यो दरवन्दी प्रकाश हुनु अगावै शाही सेनामा भर्ना भैसकेकालाई यो स्केल दिने ।



३ ३९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. उक्त सूचनाको अनुसूची ३ को अन्तमा निम्नलिखित प्रकरण थपिएको छ ।

नोटः– (१) पीपातर्फ कोतेलाई वर्षको ने. रू. २। का दरले १० वर्षसम्म बढ्ने र सो पछि ने. रू. २।५० का दरले बढ्ने गरी ने. रू. ६०–१०५ को पेस्केलमा राखिएकोमा यस पीपा कोतेलाई मिलसियाको सुबेदारको स्केलमा मिलाइएको छ। पीपाको क्वार्टर माष्टरको पेस्केल ने. रू. २१५–३०० भएकोमा अब सिभिलतर्फको ने. रू. २७५। देखि ने. रू. ४८० स्केलमा मिलाइएको छ र पीपा माष्टर लेफटेनलाई पहिलो १० वर्षसम्म प्रत्येक वर्षको ने. रू. ३।५० का दरले र पछिल्लो १० वर्षको निमित्त प्रत्येक वर्षको ने. रू. ५। का दरले वृद्धि हुने गरी ने. रू. २१५–३०० को स्केलमा राखिएको छ ।

(२) शाही सेनाको सुबेदारको ने. रू. १३०–२०५ स्केल मा वर्षको ने. रू. ७।५० का दरले बढ्ने र जमादारको ने. रू. ८९–१३९ मा वर्षको ने. रू.५। ले बढ्ने, सुबेदार मेजरको ने. रू. २३०। गर्ने ।

४. उक्त सूचनाको अनुसूची ५ को नं. २ पछि क्रमशः ३, ४, ५ नम्बरहरू थपिएको छः–

(३) अफिसिएटिङ्ग दर्जाले तलबको शुरू स्केलमात्र खान पाउनेछन् तर पक्का (सब्स्टयान्टीभ) दर्जा नभएसम्म सोभन्दा पछिको स्केल खान पाउने छैनन् ।

(४) खाइपाई आएको साविक तलबमा यस नयां दरवन्दीले घट्ने भए कसैको पनि नघटाउने । नयां तलबको दरवन्दीमा निर्धारित वर्ष पुगे पछि मात्र सो स्केलको बढ तलब खान पाउने ।

(५) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिवले प्रिन्सिपल मिलिटरी सेक्रेटरीको कार्यभार सम्हालुन्जेल मासिक ने. रू. २५०। भत्ता साविकदेखि खाइपाई आएको कायम राख्ने ।

५. उक्त सूचनाको अनुसूची ६ मा नम्बर १ छ को अन्तमा देहायको ज, झ, ञ प्रकरणहरू थपिएको छ ।

(ज) अनुसूचीमा उल्लेख भएको भत्ताबाहेक अरू खारेज भएता पनि शाही रिसल्ला १, माउन्टेन ब्याट्री १, फिल्ड कम्पनी १, मेशीनगन कम्पनी १, कम्पोजिट प्लाटुन २, ए. टी. कम्पनी १, मि. हस्पीटल १, फिल्ड एम्बुलेन्स ३, सी. एम्. ओ. १, ष्टेशन ट्रान्सपोर्ट प्लाटुन १, ब्यांड कम्पनी १, हि. रा. कम्पनी ७, सिग्नल कम्पनी १ को समेत गरी जम्मा २२ जनाले सिनियर जे. सी. ओ. को भत्ता साविकमा पाइ आए बमोजिम पाउने ।

३३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) उक्त अनुसूचीमा उल्लेख भएको भत्ता खारेज भएता पनि साबिक सुबेदार मेजरदेखि जवानहरूले पाएको हेयर कटिङ्ग र वासिंग एलाउन्स मासिक जवान १ के ने. रू. १। को दरले पाइआएको हाल पनि कायमै राखिने ।

(ञ) उक्त अनुसूचीको दफा १ (ङ) मा ग्रुप स्पेशल भत्तामा क्लर्कले खाइपाई आएको भत्ता नघटाउने । अब उप्रान्त म्याट्रिक, नन् म्याट्रिकलाई १०–१५–२० कायम गर्ने ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव
अर्थ आर्थिक कार्य विषय मन्त्रालय

श्री ५ को सरकार

## अर्थ, आर्थिक कार्य विषय मन्त्रालयको सूचना

यस मन्त्रालयको उप सचिवहरू श्रीकल्याणविक्रम अधिकारी र श्रीपुष्करनाथ पन्तलाई का. मु. सह सचिव मुकरर गर्ने गरी श्री ५ को सरकारले मिति ०१८।२।३२।४ मा निर्णय गरेको छ ।

आज्ञाले–
यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव
अर्थ, आर्थिक कार्य विषय मन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित

३३२

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

338 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।